
# Year 1 Phonics Screening Check

| Information for parents and carers



# कक्षा १ फोनिक्स स्क्रिनिङ जाँच

| आमाबाबु र हेरचाहकर्ताहरूको लागि जानकारी

## स्वर (phonics) भनेको के हो?

स्वर (फोनिक्स) अक्षर र ध्वनिहरूबीचको सम्बन्ध हो र पढ्न सिक्नको लागि महत्त्वपूर्ण छ| केही बच्चाहरूलाई पढाई सिक्न मुस्किल हुन्छ| त्यसैले यी बच्चाहरूलाई चाँडै पहिचान गर्नु महत्त्वपूर्ण छ| यसले गर्दा शिक्षकहरूले उनीहरूलाई आवश्यक पर्ने कुनै पनि विशेष सहयोगको लागि योजना बनाउन सक्छन्|

### कक्षा १ फोनिक्स स्क्रीनिंग जाँच के हो?

कक्षा १ फोनिक्स स्क्रीनिंग जाँच एक छोटो राज्यव्यापी परीक्षा हो जसले शिक्षकहरूलाई तपाईंको बच्चाले फोनिक्समा कसरी प्रगति गरिरहेको छ भनेर बताउँछ| यो स्क्रीनिंग जाँचले कसरी तपाईंको बच्चाले विभिन्न अक्षर संयोजनहरूको साथ अंग्रेजी शब्दहरू पढ्न सक्छ भनेर अवलोकन गर्दछ| तपाईंको बच्चा शिक्षकसँग बस्नेछ र उसलाई ४० शब्दहरू चर्को स्वरमा पढ्न लगाइनेछ| यी शब्दहरूमा २० वास्तविक शब्दहरू र २० अर्थहिन शब्दहरू समावेश हुन्छन्| अर्थहिन शब्दहरूको उद्देश्य भनेको विद्यार्थीले त्यो शब्दलाई पहिला देखेको सम्झनाको सट्टा शब्दलाई समिस्रित गरी पढ्ने उनीहरुको ज्ञानलाई  प्रयोग गर्न सक्छन् कि हेर्नु हो| परीक्षणलाई सामान्यतया ५ -७ मिनेट लाग्छ| यदि तपाईंको बच्चालाई गाह्रो भईरहेको छ भने शिक्षकले जाँच रोक्नेछ| यो जाँचलाई तपाईंको बच्चाको लागि तनावपूर्ण नहोस् भनेर सावधानीपूर्वक तयार गरिएको छ|

कक्षा १ फोनिक्स स्क्रीनिंग जाँचको मुख्य उद्देश्य तपाईंको बच्चाको शिक्षकलाई जानकारी प्रदान गर्नु हो जसले तिनीहरूलाई तपाईंको बच्चाको सिकाइको लागि योजना बनाउन दिनेछ| प्रत्येक बच्चाको व्यक्तिगत रूपमा शिक्षकद्वारा मूल्याङ्कन गरिन्छ र सबै कक्षा १ का विद्यार्थीहरूको मूल्याङ्कन गरिनेछ|

### फोनिक्स किन महत्त्वपूर्ण छ?

अंग्रेजीमा पढ्न र लेख्न सिक्नको लागि ध्वनि ज्ञान र सीपहरू आवश्यक छन्| सफल हुनको लागि, विद्यार्थीहरूले व्यक्तिगत अक्षरहरू वा विभिन्न अक्षर संयोजनहरूद्वारा प्रतिनिधित्व गरिएका ध्वनिहरू सिक्न आवश्यक छ, र शब्दहरू पढ्नको लागि यी ध्वनिहरूलाई एकसाथ मिसाउने सीप सिक्न आवश्यक छ| शुरुवाती पाठकहरूले छिटो र धाराप्रवाह रूपमा शब्दहरूमा ध्वनिहरू कसरी मिसाउने भनेर सिक्न आवश्यक छ, ताकि पढाइको प्रवाह र पाठको उनीहरूको बुझाइमा बाधा नपरोस्|

यदि तपाईंसँग कक्षा १ फोनिक्स स्क्रिनिङ्ग जाँचसम्बन्धी कुनै प्रश्नहरू छन् भने कृपया स्कूललाई सम्पर्क गर्नुहोस्|

### टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई स्कूलमा सम्पर्क गर्न दोभाषे सहायता चाहिन्छ भने, कृपया 131 450 मा फोन गर्नुहोस्, अपरेटरलाई तपाईंलाई नेपाली भाषा चाहिन्छ भन्नुहोस् र उनीहरूलाई स्कूलमा फोन गर्न लगाउनुहोस्| अपरेटरले तपाईंको कुराकानीमा सहयोग गर्न लाइनमा एक दोभाषे खोजिदिनेछ| तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन|